सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ३६२ ♦ २०८२ साल साउन ३१ गते शनिवार ♦ 16 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## सरकारले राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना शुरू गरेको छ : प्रम ओली

**अजयकुमार साह**

**साउन ३० गते, रघुनाथपुर(महोत्तरी)**



प्रधानमन्त्री केपी शर्मा ओलीले कृषिलाई व्यावसायिक र आधुनिक बनाउने कार्यक्रम सरकारले अघि सारेको बताएका छन्।शुक्रबार प्रधानमन्त्री ओलीले महोत्तरीमा रघुनाथपुर -सुन्दरपुर कालोपत्रे सडक शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकारले कृषि आधुनिकीकरण परियोजना शुरू गरेको जानकारी दिए।

उनले भने, "हाम्रो देश कृषि प्रधान देश हो। साठी प्रतिशत जनता कृषिमा आधारित रहेकोले जनतालाई आधुनिक बनाउन र कृषिक्षेत्रलाई विकसित नगरी नहुनेमा जोड दिँदै उनले कृषिमा आधुनिकीकरणको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण नामलाई हटाउँदै राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम राखेको बताए ।उनले कृषिलाई आधुनिकीकरणको नाममा मेयर कृषि, उपमेयर कृषि, मुख्यमन्त्री कृषि कार्यक्रमजस्ता नामलाई हटाउँदै प्रदेश कृषि आयोजना, पालिका कृषि आयोजना जस्ता नामाकरण गर्न आग्रह समेत गरे ।

हरेक क्षेत्रमा हामीले विकास गर्दै आएकोमा जोड दिदै उनले कृषि, उद्योगको क्षेत्रमा आधुनिकीकरण गर्दै जाने विश्वास समेत दिलाए ।उनले पैसाले मात्रै विकास नभई सोचले विकास हुने भएकोले सोच, वुद्धि लगाएर विकास गर्न सरोकार बाला निकायलाई निर्देशन समेत दिए।केही दिन अगाडी महोत्तरीमा सुख्खाग्रस्त अवस्थाबारे बुझ्न आएको वताउदै अहिले गरा गरामा पानी पुगेको अवस्था र रोपाईको अवस्था देखेर खुशी लागेको बताए ।

उनले भने, "सुख्खाग्रस्त हुन नदिन पहिला नै हामीले सुनकोशीको पानी टनेल मार्फत मरिनमा झार्ने र त्यहाँको पानी बागमतीमा झारेर एक करोड ५० बिग्हा क्षेत्रफलमा सिंचाई पुरयाउने काम भइरहेको छ ।"अहिले तत्कालका लागि डिप बोरिँगबाट समस्या समाधान गर्ने प्रयास भइरहेको छ भने पुरानो नचलिरहेको डिप बोरिँगलाई मरम्मत सम्भार गरि संचालन ल्याउन समेत आफुले निर्देशन गरिसकेको बताउदै

*बाँकी पृष्ठ २ मा*

## प्रधानमन्त्री ओलीद्वारा मधेश प्रदेश प्रहरी कार्यालय भवन उद्घाटन

**खबर दर्पण समाचारदाता**

**साउन ३० गते, बर्दिवास**

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेशको जनकपुरधामस्थित प्रदेश प्रहरी कार्यालयको नवनिर्मित प्रशासनिक भवन शुक्रबार उद्घाटन गर्नुभएको छ।



मधेश प्रदेश सरकारले २३ करोड १० लाख ४३ हजार ४०७ रुपियाँ लागतमा निर्माण गरेको यस भवनमा ६८ वटा कोठाहरु रहेका छन्।

उद्घाटन कार्यक्रममा प्रदेश प्रहरीका अधिकारी तथा स्थानीय प्रतिनिधिहरु उपस्थित थिए। नयाँ भवनले प्रहरी प्रशासनलाई थप सुदृढ र कार्यक्षमतामा वृद्धि गर्ने अपेक्षा गरिएको छ।

## मधेस 'ड्रग्स'को चपेटामा पर्दै गएको छ

**खबर दर्पण समाचारदाता**

**साउन ३० गते, बर्दिवास**

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेस 'ड्रग्स' को चपेटामा पर्दै गएको बताएका छन् । मधेस प्रदेश प्रहरीको नयाँ प्रशासनिक भवनको शुक्रबार उद्घाटन समारोहमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् ।

किसानका लागि राहतको प्याकेज र प्रहरी समायोजनको बारेमा सम्बोधन गर्नका लागि मुख्यमन्त्री सिंहले गरेको आग्रहको साँटो प्रधानमन्त्री ओलीले यस्तो टिप्पणी गरेका हुन् ।

प्रधानमन्त्री ओलीले आफूले पाएको जानकारी अनुसार मधेसका युवाहरू ड्रग्सको कुलतको सिकार भइरहेको रिपोर्ट पाउने गरेको बताए। उनका अनुसार खासगरी मधेस भारतसँगको खुल्ला सिमाना छ, जसकारण युवाहरू सजिलै ड्रग्स ल्याएर त्यसको सिकार भइरहेका छन् ।


उनले ड्रग्ससँगै मधेसमा चोरीपैठारी पनि उत्तिकै भइरहेको प्रधानमन्त्री ओलीले बताए। प्रधानमन्त्री ओलीले भने, 'तर यी सबै घटनामा मधेसमा निर्दोष व्यक्तिहरूलाई फसाउने गरिएको पाइएको छ, कारोबारी उम्किने गरेका छन्। जुन सुशासन होइन । यी सबै गतिविधिलाई प्रहरीले निस्तेज पार्नुपर्छ ।'

बोर्डरबाट नाजायज फाइदा लिनेहरूलाई तत्काल तह लगाउन प्रधानमन्त्री ओलीले प्रहरीलाई निर्देशन समेत दिए।

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ् कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सरकारले राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना..................

मधेशलाई सुख्खाग्रस्तबाट बचाउन सरकार लागेको बताए ।

प्रधानमन्त्री ओलीले जनताको विकास चाहना मर्न नदिइने बताउदै उनले भने, “सरकार विकास कार्यलाई द्रूत गतिमा बढाइ रहेको छ। मधेसमा यसको अनुभूति हुने गरी कामअघि बढेका छन् ।” मधेसका रौतहट, सर्लाही र महोत्तरी जिलाको सिँचाइ प्रबन्धका लागि सुनकोशी मरिन डाइभर्सनको कामअघि बढेको प्रधानमन्त्रीले उल्लेख गरे । यसैगरी पूर्वी मधेसका जिल्लाको थप सिँचाइ प्रबन्धका लागि सुनकोशी कमला डाइभर्सनको काम बढाइने उनको भनाइ छ ।

प्रधानमन्त्री ओली भने, ‘निर्वाहमुखी कृषिलाई व्यावसायिक, उत्पादनमुखी, रोजगारमुखी र प्रविधिको प्रयोग मार्फत आधुनिक बनाउन सरकारले कृषि आधुनिकीकरण परियोजना अगाडि सारेको छ, कृषि वस्तुका विषयगत सुपर जोन, जोन र एकाइहरू बनाएर उत्पादन बढाउने लक्ष्य लिइएको छ’,कृषि कर्मबाट नै रोजगारी सिर्जना हुने प्रधानमन्त्रीको विश्वास व्यक्त गरे। ‘कृषिलाई परम्पराबाट आधुनिक व्यवसाय बनाएपछि यसले उत्पादन बढाउने मात्रै नभएर रोजगारी पनि सिर्जना गर्ने छ’, उनले भने। उनले हुलाकी सडक निर्माणले मधेशको दक्षिण भाग चलायमान बनेको बताउँदै उनले भने, ‘हुलाकी सडकले मधेश/तराईको दक्षिण भाग अनुकूल बनाउन यतायातसँग जोडिएको छ । सहरीकरण गर्न, विकासका काम अगाडि बढाउन र यहाँका जनतालाई धनी बनाउन, औद्योगीकरण बनाउन, भन्सारहरुलाई चलायमान बनाउन, हुलाकी सडकलाई सरकारले प्राथमिकता दिएको छ ।’

प्रधानमन्त्री ओलीले चौतर्फी विकासका लागि शिक्षामा जोड दिन आग्रह गरे । ’छोराछोरीमा भेद्भाव नगरी शिक्षामा ध्यान दिनु पर्ने, राम्रो लाउन र राम्रो खान कम्तीमा पनि छोराछोरीलाई स्कुल पठाई दिन अभिभावहरुलाई आग्रह गर्दै प्रधानमन्त्री ओलीले मधेश जस्तो सुगम ठाउँमा समेत शिक्षाको अभाव रहेको बताए । उनले भने, “मधेशमा यति सुगम ठाउँमा शिक्षाको अभाव थियो, शिक्षामा पहुँच पुरयाउन बालबालिकाले पढन पाउन भनेर हाम्रो ध्यान गएको छ । ”छोराछोरीलाई विना भेदभाव स्कुल पठाउन आग्रह गर्दै प्रधानमन्त्री ओलीले आफना बालबालिकालाई जसरी पनि पढाउनुस, सकेसम्म गुणस्तरीय शिक्षा दिनुस् भनेर अभिभावकहरुलाई आग्रह गरे।’ उनले भने, ‘जहाँ शिक्षा छ, त्यहाँ विकास र सम्पन्नता छ, जहाँ शिक्षा छैन, त्यहाँ विकास छैन, गरिबी छ ।

’प्रम ओलीले स्थिर अर्थतन्त्रलाई सुधार गर्दै देशमा ठूलो प्रगति भएको बताउदै उनले भने, ’विगतका ३/४ वर्षमा ओरालो लागेको अर्थतन्त्रलाई पछिल्लो १ वर्षमा सुधार गरिएको छ, पहिले वर्ष दिनमा ९/१० वटा पुल तथा सडकहरु बन्थ्यो । तर अहिले एकै दिनमा ९/१० वटा आयोजनाहरुको शिलान्यास र उदघाटन हुने गरेको छ। सबै जिल्ला, गाउँ, शहरहरु सडकले जोडिएको छ ।’ पहिले सडक संरचना ध्वस्त रहेको उल्लेख गर्दै उनले अहिले १५ हजार किलोमिटर सडक कालोपत्र गरिसकेको बताए।

उनले ७७ जिल्लाको सदरमुकामसँग मात्रै नभई भारतसँग समेत जोडिने सडकहरु समेत पुगेको बताउदै मधेशमा साँधुरो रुपमा रहेको पूर्वपश्चिम राजमार्गलाई समेत हामीले स्तरोन्नती गरि एशियन स्टाइलमा बनाउन लागेको बताए।

पूर्वपश्चिम हुलाकी राजमार्ग निर्माण कार्य अगाडी बढाउँदै निर्माण कार्य सम्पन्न हुने स्थितीमा रहेको बताउदै केही ठाउँमा वाधा अवरोध र पुलको कारणले मात्रै हुलाकी राजमार्ग पुर्ण हुन अवरोध रहेको बताउँदै हरेक पालिकासँग सदरमुकाम जोडने सडकलाई कालोपत्रे गरेको बताए । उनले भने, “वडा वडामा बाटो पुरयाएका छौं, पुरयाउँदै छौं, सदरमुकाम जोडने सडकहरु कालोपत्रे गरेका छौं ।”उनले आर्थिक तथा सामाजिक विकासका सूचकहरूमा आएको सकारात्मक परिवर्तनले मुलुक सुशासन र समृद्धिको दिशातर्फ उन्मुख भएको संकेत गरेको बताए ।

विकासको कुरा शान्ति सुरक्षा, शिक्षा, सुशासन र विकास सबैतिर हाम्रो ध्यान गएकोमा जोड दिदै प्रधानमन्त्री ओलीले एकदमै आत्मविश्वासका साथ शान्ति सुरक्षाको अवस्था राम्रो हुदै गएको छ र राम्रो हुदैछ उनले भने । प्रम ओलीले छिमेकी मुलुकहरु संगको सम्बन्ध पनि राम्रो भएको बताए । उनले चीन भ्रमणको लागि भदौ १४ गते जान लागेको बताए । उनले चिनबाट फर्के पछि भारत भ्रमणको लागि पनि जाने तयारी भएको बताए। राजनीतिक प्रसंगमा उनले संघर्षबाट आएका नेताहरूको देशप्रतिको योगदान र माया हुने तर ‘नयाँ शक्ति, भवितव्यंले खुलेका पार्टी’ का नेताहरूको योगदान शून्य रहेको टिप्पणी गर्दै उनले राजावादीहरुको वितन्डा पनि अब सेलाई सकेको बताए । उनले अराजकतावादीहरु जति कराए पनि देश जनताको पक्षमा आफुहरु रहेको बताए।

प्रधानमन्त्री ओलीले भने, ‘यो व्यवस्था हामीले संघर्ष गरेर ल्याएका छौं । हाम्रा साथीहरूले बलिदानी दिनु भएको छ, सहादत प्राप्त गरेका छन् । त्यसकारण यो देशको माया हामीलाई छ ।’प्रम ओलीले यहि व्यवस्था रहिरहने तर केही सुदृढ गरिने बताउँदै उनले सरकार पनि परिवर्तन नहुने बताए। उनले देशको विकासमा दुई ठूला पार्टी इमान्दारसाथ लागेको बताए । सो कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, भौतिक पूर्वाधार मन्त्री सरोजकुमार यादव लगायतकाले आफनो मन्तव्य व्यक्त गरेका थिए।मधेश प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको साझेदारी तथा विश्व बैंकको ऋृण सहयोगमा सञ्चालित सो सडक एक करोडको लागतमा निर्माण हुन लागेको हो ।

प्रम ओलीले शिलान्यास गरेको सोनमा गाउँपालिका वडा नं. ३ मा कालोपत्रे सडक निर्माण हुलाकी राजमार्ग अन्तर्गत र घुनाथपुरबजार-सोनमा- तरहारी-सुन्दरपुर सडक रहेको छ।मधेश प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको साझेदारी तथा विश्व बैंकको ऋृण सहयोगमा सञ्चालित प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत महोत्तरीको हुलाकी राजमार्ग र घुनाथपुर बजार-सोनमा- तरहारी-सुन्दरपुर खण्ड को ८.३८४ किलोमिटर कालोपत्रे सडक निर्माण गर्न लागिएको हो।

२०८३ साल चैत ११ गतेभित्र सम्पन्न गर्नुपर्ने यस परियोजनाको कुल बजेट ३४ करोड ६९ लाख ५० हजार ६१६ रुपैयाँ विश्व बैंकको ऋृण सहयोगबाट हुने भए पनि टेन्डर प्रक्रियाबाट ढुकुछु निर्माण कम्पनी प्रा.लि.सँग १९ करोड ७ लाख ८३ हजार ६१८ रुपैयाँ (भ्याटसहित)मा सम्झौता भएको छ।यस योजनाअन्तर्गत मधेश प्रदेशका २१ स्थानीय तहका केन्द्रहरूलाई पक्की सडक सञ्जालसँग जोडिने छ ।सोही परियोजना कै हिस्साको रुपमा यो सडक पनि रहेको छ।

# प्रधानमन्त्री ओलीबाट मनहरपुरमा सडक शिलान्यास




**खबर दर्पण समाचारदाता**

**साउन ३० गते, बर्दिवास**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले धनुषाको मनहरपुरमा आज आयोजित एक समारोहबीच सडक शिलान्यास गेरका छन्।

प्रधानमन्त्री ओली र मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले संयुक्त रुपमा धनुषा क्षेत्र नं १ स्थित मनहरपुर ज्ञान चोकमा निर्माण हुन लागेको सडक शिलान्यास गरेका हुन्।

प्रधानमन्त्री ओली र सभामुख मण्डलले मधेस प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयको आयोजनामा धनुषाको मनहरपुर-हंसपुर हुँदै खरिहानी-सिमरढी जोड्ने १६।३५ किलोमिटर सडक शिलान्यास गरे। कूल ६५ करोडको लागतमा निर्माण हुन लागेको सडकको ठेक्का निर्माण कम्पनीले ४४.४८ लाखमा कबोल गरेको छ।

समारोहमा मधेस प्रदेशका मुख्यमन्त्री सतिषकुमार सिंह, सभामुख रामचन्द्र मण्डल, भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव, प्रतिनिधिसभा सदस्य लिलानाथ श्रेष्ठसहित नेता तथा कार्यकर्ताहरूको उपस्थिति थियो।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रधानमन्त्री ओलीद्वारा महिनैपिच्छे मधेशका राजधानी जनकपुरको भ्रमण

**खबर दर्पण समाचारदाता**

**साउन ३० गते, बर्दिवास**

प्रधानमन्त्री केपी शर्मा ओली शुक्रबार दिउँसो हेलिकोप्टरबाट जनकपुर विमानस्थल ओलिएलगत्तै विभिन्न कार्यक्रममा व्यस्त रहे । धनुषाको हंसपुरमा सडकको शिलान्यास गरेर फर्किएपछि उनले जनकपुरमा निर्माण गरिएको मधेश प्रदेश प्रहरी कार्यालयको प्रशासनिक भवन उद्घाटन गरे ।

मधेशका थुप्रै कार्यक्रममा सहभागी हुनुपर्ने र काठमाडौंको मौसम अपराह्नपछि बिग्रिने सूचनासमेत लिएर आएका प्रधानमन्त्री ओलीले नेपाल प्रहरीको प्रशासनिक भवन उद्घाटन समारोहमा थुप्रै वक्ताको नाम काट्न लगाए। प्रधानमन्त्री ओली, मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, नेपाल प्रहरीका प्रमुख दीपक थापा र मधेश प्रदेश प्रहरी प्रमुख डीआइजी उमाप्रसाद चर्तुवेदीबाहेकका वक्ताको नाम प्रधानमन्त्रीकै आग्रहमा हटाइएको थियो ।

'अरु कार्यक्रममा पनि सहभागी हुनुपर्ने छ। काठमाडौंको मौसम पनि अपराह्न बिग्रिने खबर छ,' प्रधानमन्त्री ओलीले कार्यक्रममा भने,'त्यसैले थुप्रै वक्ताको नाम हटाइएको छ । आयोजकलाई गुनासो नगर्नुहोला। मैले भनेर हटाइएको हो ।'

प्रधानमन्त्री ओली ५ महिनायता मधेशमा ५ पटक आइसकेका छन् । २७ जेठमा जनकपुरमा मुख्यालय रहेको राजर्षी जनक विश्वविद्यालयको प्रथम दीक्षान्त समारोहमा सहभागी हुन प्रधानमन्त्री ओली जनकपुर आएका थिए । त्यसअघि, १७ जेठमा मधेश प्रदेश सरकारको गौरव तथा बहुवर्षीय एक निर्वाचन क्षेत्र, एक कालोपत्रे सडक योजनाको शिलान्यास गर्न प्रधानमन्त्री ओली जनकपुर आइसकेका थिए ।

गत चैत २६ गते प्रधानमन्त्री ओलीले मधेश प्रदेशसभामा सम्बोधन गर्न जनकपुर आएका थिए । त्यही दिन उनी सिरहाको सदरमुकाममा आयोजना गरिएको एमालेको जिल्ला अधिवेशनको समेत उद्धाटन गरेका थिए ।

मध्यबर्खामै मधेश प्रदेशमा पानी नपरेर खडेरी, सुक्खा र खानेपानीको हाहाकार भइरहेको बेला साउन ९ गते प्रधानमन्त्री ओली हेलिकोप्टरबाट मधेशको निरिक्षण गरेका थिए । उनी त्यही दिन महोत्तरीको मटिहानीमा निर्माण गरिएको पुल र बारामा निर्माण गरिएको स्थानीय तहको प्रशासनिक भवनको उद्धाटन गरेर काठमाडौं फर्किएका थिए ।

साउन ३० गते शुक्रबार जनकपुरस्थित मधेश प्रदेश प्रहरी कार्यालयको प्रशासनिक भवन उद्धाटन गर्न आइपुगेका प्रधानमन्त्री ओलीले धनुषाको हंसपुर र महोत्तरीको सोनमा गाउँपालिकामा कालोपत्रे सडकको शिलान्यास पनि गरेका छन् ।

## पत्रकारमाथि आक्रमण गर्ने वकिलहरूलाई कारबाही गर्न माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापन



**खबर दर्पण समाचारदाता**

**साउन ३० गते, बर्दिवास**

जनकपुरमा पत्रकारमाथि आक्रमण गर्ने वकिलहरूविरुद्ध कारबाहीको माग गर्दै नेपाल पत्रकार महासंघ मधेस प्रदेश र नेपाल पत्रकार महासंघ धनुषाले शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई संयुक्त ज्ञापनपत्र बुझाएका छन्।

साउन २७ गते नेपाल बार एसोसिएसन जनकपुरका केही वकिलहरूले पत्रकारमाथि सामूहिक आक्रमण गरी कुटपिट गरेको घटनामा संलग्नलाई तत्काल कानुनी दायरामा ल्याउन ज्ञापनपत्रमार्फत माग गरिएको हो। उक्त घटनामा ६ जना पत्रकार घाइते भएका थिए। वकिलको कुटपिटबाट महासंघ मधेस प्रदेशका महासचिव शैलेन्द्र क्रान्तिको खुट्टा भाँचिएको, पत्रकार अनिल कुमार निरालाको आँखामा चोट लागी सुन्निने अवस्था आएको, पत्रकार दिवाकर राईको टाउकोमा गम्भीर चोट लागेको उल्लेख छ। त्यस्तै, उपाध्यक्ष ज्योति झा र पत्रकार बिनीता यादवमाथि लैङ्गिक संवेदनशीलता बेवास्ता गर्दै आपत्तिजनक व्यवहार गरिएको आरोप महासंघले लगाएको छ।

महासंघका अनुसार जनकपुर धाममा महासंघको भवन निर्माणका लागि गुठीसँग सम्झौतामा प्राप्त जग्गामा बार एसोसिएसन जनकपुरले बलपूर्वक अतिक्रमण गर्दै पार्किङ सञ्चालन गरेपछि विवाद सुरु भएको हो। जग्गा रक्षा गर्न पत्रकारहरूले घेरा हाल्दा वकिल समूहले आक्रमण गरेको दाबी गरिएको छ।

घटनापछि जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिइए पनि अहिलेसम्म कसैमाथि कारबाही नभएको ज्ञापनपत्रमा उल्लेख छ। महासंघले आक्रमणकारीलाई कानुनी दायरमा ल्याउन र पीडित पत्रकारलाई न्याय दिलाउन प्रधानमन्त्रीको हस्तक्षेपको माग गरेको छ।

ज्ञापनपत्र बुझाएपछि प्रधानमन्त्री ओलीले उद्घाटन भाषणमा पत्रकारमाथि आक्रमण गर्ने जोसुकै भए पनि कानुनी दायरमा ल्याउन निर्देशन दिएका छन्। प्रधानमन्त्री ओली मधेस प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवन उद्घाटनका लागि जनकपुर धाम आएका अवसरमा महासंघका अध्यक्ष श्यामप्रसाद बन्जारा र धनुषा शाखा अध्यक्ष पुरन साहले संयुक्त ज्ञापनपत्र बुझाएका हुन्।

## फुलकहामा नव जीवन सहकारीद्वारा दुध संकलन केन्द्र सहित डेरी सञ्चालन



**खबर दर्पण समाचारदाता**

**साउन ३० गते, बर्दिवास**

महोत्तरीको गौशाला नगरपालिका-६, फुलकाहामा नव जीवन साना किसान कृषि सहकारी संस्थाले दुध संकलन केन्द्रसहितको डेरी सञ्चालनमा ल्याएको छ । सहकारीले विश्व बैंकको आर्थिक सहयोगमा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत सञ्चालित रिड आयोजना र आर्थिक कोरिडोरको सहकार्यमा डेरी स्थापना गरेको हो ।

डेरीको उद्घाटन मधेश प्रदेशका पूर्व अर्थमन्त्री भरत प्रसाद साहले दुधको फ्याट नापेर गरे। कार्यक्रममा संस्थाका अध्यक्ष रामरतन रायले किसानको दुध उचित मूल्यमा संकलन र समयमै भुक्तानी गर्नु संस्थाको मुख्य उद्देश्य भएको बताए ।

माओवादी केन्द्रका केन्द्रीय नेता सूर्यनारायण साहले डेरी किसानको आर्थिक उपलब्धिका लागि महत्त्वपूर्ण कदम भएको उल्लेख गर्दै सहुलियतमा सामग्री वितरण र नयाँ योजनाहरू ल्याइने जानकारी दिए। उनले स्मरण गरे कि यसअघि संस्थाले किसानलाई ७७ वटा भैंसी वितरण गरिसकेको छ ।

आर्थिक कोरिडोर बर्दिवासका प्रमुख राजेश साहले भैंसी वितरण र दुध संकलनमार्फत किसानलाई स्थायी आम्दानीको स्रोत विकास गर्न सहकारी सक्षम भएको बताए ।

संस्थाका सल्लाहकार डा. सुरेन्द्र यादवले शहरको पैसा गाउँमा ल्याउन र देशको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउन यस्ता दिगो व्यवसाय आवश्यक रहेको धारणा व्यक्त गरे ।

पूर्व मन्त्री साहले नयाँ फ्याट नाप्ने उपकरणको प्रयोगले किसानलाई ठगीबाट जोगाउने र बिचौलियाको अन्त्य गर्ने विश्वास व्यक्त गरे । उनले ३६ प्रतिशत ब्याजदरको अन्त्य गर्दै सहकारीलाई रिसोर्स सेन्टरको रूपमा विस्तार गर्नु सकारात्मक कदम भएको बताए ।

यो डेरीले किसानको दुधलाई समयमै उचित मूल्यमा खरिद गर्ने, फ्याटको आधारमा मूल्य निर्धारण गर्ने र गाउँमै आम्दानीका अवसर सृजना गर्ने अपेक्षा गरिएको छ ।


जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

मधेस प्रदेश मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्रद्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# प्रधानमन्त्री ओली द्वारा सोनमामा कालोपत्र सडक निर्माण परियोजनाको शिलान्यास

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**साउन ३० गते, बर्दिवास**




प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार महोत्तरीको सोनमामा कालोपत्र सडक निर्माण परि योजनाको शिलान्यास गर्नुभएको छ। विश्व बैंकको अनुदान ऋणमा सञ्चालन हुने उक्त सडक निर्माणको कुल लागत १९ करोड ७ लाख ८३ हजार ६१८ रुपैयाँ (भ्याटसहित) हुनेछ।८.३८४ किलोमिटर लम्बाइको यो सडक महोत्तरीको हुलाकी राजमार्गअन्तर्गत रघुनाथपुर बजारदेखि सोनमा-तरहारी हुँदै सुन्दरपुरसम्म पुग्नेछ।

सोनमा गाउँपालिका-३ र घुनाथपुरबाट सुरु भई वडा नं. १, २, ३ र ७ का रघुनाथपुर, सोनमा, तरहारी, मुसहरी टोल हुँदै सुन्दरपुरसम्म जोड्ने सडकको औसत चौडाइ ८.५० देखि १०.५० मिटर रहनेछ। गाडी चल्ने भाग ५.५ मिटर चौडा कालोपत्र हुनेछ भने दुवैतर्फ १.५ मिटर सोल्जर राखिनेछ। पूर्वाधार विकास कार्यालय जलेश्वरका प्रमुख राजेशलाल कर्णका अनुसार, सडकसँगै बस्ती क्षेत्रमा १७६० मिटर लम्बाइको ढल र कल्भर्ट निर्माणको योजना छ।

यो आयोजना विश्व बैंकको ३४ करोड ६९ लाख ५० हजार ६१६ रुपैयाँ बराबरको बजेट टेन्डर प्रक्रियामार्फत ढुकछ्‌ निर्माण कम्पनी प्रालीसँग सम्झौता भएको हो।विश्व बैंकको सहयोगमा सञ्चालित "प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम" अन्तर्गत मधेश प्रदेशका २१ स्थानीय तहका केन्द्रलाई पक्की सडक सञ्जालसँग जोड्ने, १०८ किलोमिटर नयाँ कालोपत्र सडक निर्माण, १८० किलोमिटर सडक स्तरोन्नति तथा १,००० किलोमिटर सडकको नियमित मर्मत कार्य गर्ने योजना छ।

यस कार्यक्रमअन्तर्गत नेपाल सरकार र अन्तर्राष्ट्रिय विकास सङ्घबीच गत २ अगस्ट २०२४ मा वित्तपोषण सम्झौता भएको हो, जसको प्रथम चरण ८ अक्टोबर २०२४ देखि १५ जुलाई २०२९ सम्म लागू हुनेछ।

मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले कार्यक्रममा भने,यो सडकले स्थानीय बासिन्दाको दैनिकी सहज बनाउनुका साथै कृषि, व्यापार र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुन्याउनेछ।प्रदेश सरकारले दीर्घकालीन दृष्टिकोणका साथ पूर्वाधार विस्तारलाई निरन्तरता दिनेछ।

# सर्लाही गोली प्रहार गरी शिक्षकको हत्या

**खबर दर्पण समाचारदाता**
**साउन ३० गते, बर्दिवास**



सर्लाहीको हरिपुरवामा गोली प्रहार गरी एक शिक्षकको हत्या भएको छ।हरिपुर्वा नगरपालिका-६ का अन्दाजी ५० वर्षीय र ामपुकार यादवमाथि अज्ञात समूहले गोली प्रहार गरी हत्या गरेको हो ।

सर्लाहीका प्रहरी प्रवक्ता डीएसपी सरोज राईका अनुसार राति साढे ८ बजेतिर उनीमाथि गोली प्रहार भएको थियो ।


उनलाई उपचारको लागि महोत्तरीको रामगोपालपुरस्थित जानकी एकेडेमिक हस्पिटल ल्याउँदै गर्दा बाटैमा मृत्यु भएको डीएसपी राईले बताए ।

अस्पताल पुग्दासम्म यादवको मृत्यु भइसकेको जानकी एकेडेमिक हस्पिटलका सञ्चालक डाक्टर सुरेन्द्र यादवले पुष्टि गरे ।

मोटरसाइकलमा आएका हतियारधारीले उनीमाथि गोली प्रहार गरेर भाग्ने क्रममा दुर्घटनामा परेको बुझिएको डीएसपी राईले बताए । घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए ।

# पेट्रोलको मूल्य बढ्यो,डिजेलको घट्यो

**खबर दर्पण समाचारदाता**
**साउन ३० गते, बर्दिवास**



नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ । शनिबार देखि लागु हुने गरी निगमले पेट्रोलको मूल्य बढाएको हो । आज निगमले जारी गरेको विज्ञप्ति अनुसार डिजेल र मट्टितेलको मूल्य भने घटेर आएको छ ।

साविकको खुद्रा बिक्री मूल्यमा प्रति लिटर पेट्रोलमा २ रुपैयाँले बढाईएको तथा डिजेल/मट्टितेलमा प्रति लिटर १ रुपैयाँले घटाइएको छ ।


## भुसंरक्षण गरौं ।

**भू-संरक्षणका उपायहरूः**

- ❖गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- ❖खेती गर्दा गहरा बनाइ गरौं,
- ❖भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- ❖बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- ❖सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- ❖पानी संरक्षणका उपायहरू अपनाऔं,
- ❖स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

**"माटो बचाऔं, भविष्य जोगाऔं।"**

भंगहा नगरपालिका, महोत्तरी



## युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किनः**

- ❖नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- ❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- ❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- ❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- ❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- ❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

रामगोपालपुर नगरपालिका
**महोत्तरी**



## बाढी बारे चासो राखौं, चनाखो बनौं

**बाढी र डुबान हुनुपूर्वको तयारी यसरी गरौं:**

- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं ।
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर ११५५ वा रेडियो-टिभीबाट नियमित जानकारी लिने गरौं ।
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर मोबाईलमा सेभ गरेर राखौं, सकिन्छ भने कण्ठ पारौं ।
- आफ्नो गाउँ-ठाउँ र वडामा सबै मिलेर रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्रीहरुको जोहो गरेर सुरक्षित राखौं ।
- आपत-विपतका लागि अन्न, दाल, नून, तेल र साबुनजस्ता अत्यावश्यक सामग्री घरको सबैभन्दा अग्लो ठाउँमा राखौं ।
- फिटकिरी वा पानी सफा गर्ने औषधी घरभित्र अग्लो ठाउँमा झुण्डयाई राखौं ।
- नागरिकता, लालपुर्जा, लाईसेन्स, पासपोर्टजस्ता महत्वपूर्ण कागजपत्र, नगद, गरगहना र औषधीजस्ता महत्वपूर्ण सामान प्लाष्टिकले राम्री पोको पारेर घरको अग्लो ठाउँमा राखौं ।
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर, डिल, सार्वजनिक भवनबारे पहिल्यै थाहा पाईराखौं ।
- टर्च, डोरी, सिठ्ठी, लौरोजस्ता सामान सजिलै भेटिने ठाउँमा राखौं ।
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाबारे बेला बेलामा जानकारी लिदै गरौं ।

विपदबारे चासो राखौं, चनाखो बनौं

गौशाला नगरपालिका, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,